# चामे गाउँपालिकाको तेह्रौं गाउँसभा २०८० असार १० गतेका दिन गाउँपालिकाका उपाध्यक्ष श्री मिङमार ढोमा लामा ज्युले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्य

चामे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चामे, मनाङ
गण्डकी प्रदेश, नेपाल
२०८० साल असार १० गते

*सभाध्यक्ष महोदय,*

१. गाउँपालिकाको तेह्रौ गाउँसभाको मार्गदर्शक सिदान्तको रुपमा रहेको आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रमको दस्तावेजको रुपमा गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त गर्वको महसुस गरेको छु ।

२. सर्वप्रथम, राष्ट्रहित लोकतन्त्र, संघीय गणतन्त्रको स्थापना मार्फत नागरिक अधिकारको स्थापना, स्वतन्त्रता, मानवअधिकार र समतामुलक समाजको निर्माणको लागि आफ्नो जीवन बलिदान गर्नु हुने ज्ञात, अज्ञात शहिदहरु प्रति उच्च सम्मान गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

३. "कृषि पर्यटन र जलाधार चामे समृद्धिको आधार" भन्ने दिर्घकालिन सोचलाई आत्मसाथ गर्दै स्वरोजगार कृषि, खानेपानी, दिगो पुर्वाधार तथा प्रभावकारी सेवा प्रवाह मार्फत गाउँवासिलाई परिवर्तनको प्रत्यक्ष लाभ पुर्याउने उदेश्य साथ यो बजेट पेश गरेको छु ।

सभाध्यक्ष महोदय

४. नेपालको संबिधान संघिय तथा प्रदेश सरकारबाट जानकारी ऐन कानुन तथा गाउँ पालिकाको अर्थ बिधेयक २०८० विनियोजन विधेयक २०८० आ.व. ०८०।०८१ को नीति तथा कार्यक्रम ,संघिय तथा प्रदेश सरकारका निति तथा कार्यक्रमहरू गाउँपालिका वडा स्तरीय भेलाबाट प्राप्त सुझावहरू गाउँपालिकाको धविषयगत समितिका सुझाबहरू तथा दिगो बिकसका लक्ष्यहरू विभिन्न सरोकार वालाको सुझाब तथा गाउँपालिका दाजुभाई तथा दिदि बहिनीहरूबाट प्राप्त महत्वपूर्ण तथा व्याहारीक सुझाबहरूनै आर्थिक बर्ष २०८०।८१ को बजेट प्रक्षेपणका आधारहरू हुन।

५. अब म चामे गाउँपालीकाको आर्थिक स्थितीको संक्षिप्त जानकारी गराउन चाहन्छु। चालु आ.व. को लागी अनुमानित आय रू ३१ करोड ८९ लाख १७ हजार र व्यायतर्फ रू ३१ करोड ८९ लाख १७ हजार अनुमान गरीएको थियो। अनुमनित आयमा २०८० असार पहिलो हप्तासम्म गाउँ पालिकाले आन्तरिक आम्दानी रू २५,८०,२४१।३३ प्राप्त गरेको छ ।

६. व्ययतर्फ चालु शीर्षकमा रु १२४५२८००० विनियोजन भएकोमा २०८० असार पहिलो हप्ता सम्म रु ६६८५७७६८।३६ अर्थात ५२।६८ प्रतिशत र पूँजीगत तर्फ रु १८२३८०४६५ विनियोजिन भएकोमा रु ६५४००४२२।२८ अर्थात् ३५।८५ प्रतिशत गरी कुल खर्च जम्मा रु १३२२५८१९०।६४ भएको अवस्था छ ।

७. २०८० असार मसान्त सम्म संसोधित अनुमान राजश्वतर्फ करीब रु २६ लाख आम्दानी रहने अनुमान गरिएको छ । संघीय र प्रदेश सरकारको सशर्त अनुदान रु १ करोड ५० लाख फ्रिज हुने संशोधित अनुमान गरिएको छ ।

८. अब म आगामी वर्ष २०८०/८१ को बजेटका उद्देश्य तथा प्रथामिकता प्रस्तुत गर्ने अनुमति चाहान्छु । बजेटका उद्देश्यहरु निम्नानुसार प्रस्तुत गर्दछु ।

- जीवन निर्वाह मुखी स्थानीय कृषि प्रणालीलाई बजार तथा उपभोक्ता मुखी कृषि प्रणालीतर्फ विकास र विस्तार गर्ने,
- नयाँ पर्यटकीय गन्तव्यहरुको पहिचान तथा पर्यटकीय पदमार्गहरुको स्तरोन्नति गरी पर्यटन सेवालाई विविधिकरण गर्ने,
- लघु जलविधुत आयोजना निर्माण गरी आन्तरीक राजश्वको सुदृढिकरण गर्ने,
- सीपमुलक तथा स्वरोजगार प्रवर्धन गर्ने तालिम मार्फत् जनताको जीवनस्तर सुधार गर्ने,
- विपद ब्यवस्थापन तथा क्षति न्युनिकरण गर्दै पुर्बाधार बिकास तथा बस्ति संरक्षणको कार्य आगाडि बढाउने,

९. आर्थिक वर्ष २०८०/८१ को बजेटका प्राथमिकताका क्षेत्रहरु निम्नानुसार प्रस्तुत गर्दछु ।

- पुर्वाधार विकास, बस्ती संरक्षण र अधुरा आयोजनाहरुको निरन्तरता
- गुणस्तरिय शिक्षा
- आधारभुत स्वास्थ्य सेवा
- कृषि तथा पशु विकास
- विपद व्यवस्थापन, फोहोरमैला व्यवस्थापन, सरसफाई तथा वृक्षारोपण
- युवा तथा खेलकुद
- सुचना प्राविधिमैत्री सार्वजनिक सेवा
- नया योजनाहरुको सम्भाव्यता अध्ययन र डि.पि.आर
- राजश्व प्रशासन
- कर्मचारी प्रशासन तथा जनशक्ति विकास
- लघु उद्यम विकास तथा सीपमुलक तालिम

१०. बजेटले राखेको उद्देश्य ऐवम् प्राथामिकता कार्यन्वयन गर्ने संघीय सरकार, प्रदेश सरकार, विकास साझेदार, अन्य स्थानिय तहहरु तथा निजी क्षेत्रसुग सहकार्य तथा समन्वय गरिनेछ ।

*सभाध्यक्ष महोदय,*

११. अब म चामे गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०/०८१ को अनुमानित आय र व्यय विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१२. अगामी आर्थिक वर्ष २०८०/८१ मा यस गाउँपालिकालाई केन्द्र सरकारबाट प्राप्त समानीकरण अनुदान तर्फको रु. ६ करोड ९१ लाख, सशर्त अनुदान तर्फको रु. ७ करोड ५७ लाख, केन्द्र सरकार राजस्व बाँडफाँड तर्फ रु. ४ करोड २९ लाख १६ हजार ७ सय, केन्द्र सरकार अन्य अनुदान (चामे उद्योगग्राम निर्माण) तर्फ रु. ८० लाख, प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान तर्फको रु. ४२ लाख ६७ हजार, , प्रदेश सरकार विशेष अनुदान (चामे स्वास्थ्य चौकी भवन निर्माण ) रु.१ करोड, , प्रदेश सरकार राजस्व बाँडफाँड तर्फ रु. ७ लाख २० हजार, आन्तरिक आय (अनुमान) तर्फ रु २६

लाख ५० हजार , आन्तरिक आय (गत बर्षको नगद मौज्दात) रु २ करोड ३८ लाख गरि कुल जम्मा २३ करोड ७१ लाख ५३ हजार ७ सय अनुमान रहेको छ ।

१३. अगामि आर्थिक वर्ष २०८०/८१ मा यस गाउँपालिकाको समग्र लगानीलाई क्षेत्रगतरुपमा बाँडफाँड गर्दा सशर्त अनुदान तर्फ शिक्षामा रु. ४ करोड ३० लाख , स्वास्थ्यमा १ करोड ५९ लाख, लगु उद्यम विकास कार्यक्रममा रु. १३ लाख, युवा रोजगार रुपान्तर परियोजना रु. ५७ लाख, राष्ट्रिय परिचय पत्र पंजिकरण रु.९ लाख, प्रधानमन्त्री रोजगार कार्यक्रम ६ लाख, गरिब घर पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम रु.१ लाख, महिला वालवालिका तथा जेष्ठ नागरिक रु.१ लाख, सुरक्षीत नागरीक आवास रु.२४ लाख, राष्ट्रिय ग्रामिण तथा नविकरणीय उर्जा कार्यक्रम रु.१० लाख, झोलुङ्गेपुल क्षेत्रगत कार्यक्रम ५० लाख, राष्ट्रिय खेलकुद परिषदमा रु. १ लाख, कृषिमा तथा पशुमा रु. २२ लाख, संघ वित्तीय समानीकरण तर्फबाट पूँजीगत खर्चमा रु. ६ करोड ९१ लाख, सशर्त अनुदान चालुमा रु.५ करोड ३४ लाख, वस्ति विकास कार्यक्रममा रु १० लाख , गरि कुल जम्मा १४ करोड ४८ लाख अनुमानित बजेट विनियोजन गरी आयोजना तथा कार्यक्रमहरु संचालित रहेको छ ।

*सभाध्यक्ष महोदय,*

१४. अब म चामे गाउँपालिकाका जनताको हित र उन्नति एवं चामे बासीको समृद्धिको लक्ष्यलाई ध्यानमा राखी क्रमशः पूर्वाधार, सामाजिक, आर्थिक, वन तथा वातावरण एवं संस्थागत विकास तथा सुशासन प्रवर्द्धनको क्षेत्रगत प्राथमिकता क्रम निर्धारण गरी आगामी आर्थिक वर्ष २०८०/८१ को क्षेत्रगत बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## (क) पूर्वाधार विकास

**सडक**

१५. चामे गाउँपालिका मुलत मर्स्याङ्दी करिडोर क्षेत्रमा अवस्थित रहेकोले करिडोर क्षेत्रको विकासमै गाउँपालिकाको समग्र क्षेत्रको विकास निहित रहेकोले चामे ठाडोलाईन माडा चक्रपथको मर्मत संभार गर्ने, चामे बेसीशहर मूल सडकको चामे गाउँपालिका खण्डको मर्मत संभार तथा स्तरोन्नती गर्न प्रदेश तथा संघीय सरकारसँग समन्वय गर्ने र गाउँपालिका भित्रका सबै टोल बस्तीलाई सडक मर्मत गरी यातायात संजालले जोड्नको लागि बजेटको सुनिश्चित गरेको छु ।

१६. चामे गाउँपालिका क्षेत्रभित्र बाह्रै मासे यातायात सुचारु गर्न सडक **मर्मत सम्भार कोष**को स्थापना गरेको छु।

**सिंचाई**

१७. कृषि क्षेत्रमा सिंचाईको पहुंच बढाउन गाउँपालिका क्षेत्रभित्रका खोला नालाको पहिचान गरी सिंचाईको सुविधा नभएका कृषि क्षेत्रहरुमा सिंचाई आयोजना सञ्चालन मार्फत सिंचाई सुविधा उपलब्ध गराइनेछ। स्प्रिङ्कल र थोपा सिंचाई प्रणालीलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ।

**भवन तथा बस्ती विकास**

१८. भू-उपयोग नीति बनाई बस्ती विकास**,** आवास विकास, बजार व्यवस्थापन, कृषि तथा व्यवसाय क्षेत्र जस्ता क्षेत्रमा वर्गीकरण गरी व्यवस्थित रुपमा विकास गर्न गाउँपालिका क्षेत्रको यस आ.व.मा तयार हुने **भू-उपयोग नक्शाङ्कन** अनुसार बस्ति व्यवस्थित गरिने छ ।

१९. नेपाल विद्युत प्राधिकरण सँग समन्वय गरी  बिधुत पोल मर्मत संभार गरी विधुत सेवा सू-संचालन गर्ने तथा गाउँपालिका क्षेत्रको प्रमुख स्थानहरुमा सडक बत्ती जडान, ट्राफिक पोष्ट निर्माण गरी डिजिटल विज्ञापन सेवा दिने व्यवस्थाका लागि बजेटको व्यवस्था मिलाएको छु।

२०. गाउँपालिका क्षेत्रभित्रका नदि खोलाबाट जोखिम रहेका स्थान पहिचान गरी सुरक्षित स्थानमा बलियो घर सुरक्षित घर निर्माण अभियान सञ्चालन गर्ने र नक्सापास नगरी घर बनाउनेलाई कारवाही गरिने नीति लिइने छ। गाउँपालिका भित्रका सम्पूर्ण घरलाई भौगोलिक सूचना प्रणालीमा आवद्ध गर्न सम्भाव्यता अध्ययनका लागि बजेटको व्यवस्था गरेकोछु ।

**(ख) सामाजिक**

**स्वास्थ्य**

२१. संघीय एवं प्रदेश सरकारको सहकार्यमा स्वास्थ्य वीमा कार्यक्रममा सबैलाई सहभागी गराउन प्रोत्साहन गरिनेछ ।

२२. प्रदेश सरकारको सहकार्यमा ज्येष्ठ नागरिक स्वास्थ्य उपचार कार्यक्रम सञ्चालन गरिने छ ।

२३. स्वास्थ्यमा सबैको पहुचको लागि एम्बुलेन्स खरिद गर्न रु.१५ लाख विनियोजन गरेको छु ।

२४. बहुक्षेत्रिय पोषण कार्यक्रम सञ्चालनको लागि रु १५ लाख विनियोजन गरेको छु ।

**शिक्षा**

२५. सामुदायिक विद्यालयलाई गुणस्तरिय पठनपाठनको लागि विद्यार्थीको रोजाईमा पर्ने अवस्थामा पुऱ्याउन चामे गाउँपालिकाको लोकप्रिय माध्यमिक विद्यालयको आवासीय कार्यक्रम रु. ४० लाख अनुदान र तिमाङको गौरीशंकर आधारभूत विद्यालयमा दिवा आवासिय कार्यक्रमलाई रु. २० लाख बिनियोजन गरेको छु ।

२६. जिल्ला सरमुकाममा रहेको यस गाउँपालिकामा स्नातक तहको पठन पाठन शुरु गर्न क्याम्पस स्थापनाका लागि प्रदेश तथा संघीय सरकारसँग सहकार्य गरी सञ्चालन गर्न पहल गरिनेछ ।

२७. गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयको व्यवस्थितरुपमा सञ्चालन गर्न गाउँ शिक्षा नीति तर्जुमा गरी लागू गरिनेछ ।

**खानेपानी तथा सरसफाई**

२८. सबै वडाहरुमा आधारभूत सरसफाई तथा स्वच्छ खानेपानी उपलब्ध गराउन एक घर एक धाराका लागि खानेपानी योजना संचालन गर्न चामे बजार खानेपानी विस्तार तथा ढल निकास योजनाको लागि क्रमागत रु. ९७ लाख बजेटको व्यवस्था मिलाएको छु ।

२९. खानेपानी पाईप तथा अन्य फिटिङ सामाग्री खरिदको लागि रु. ५ लाख बिनियोजन गरेको छु ।

३०. चामे गाउँपालिकाको फोहोर मैला व्यवस्थापनका लागि रु. ३७ लाख वजेट विनियोजन गरिएको छु ।

**खेलकुद**

३१. गाउँपालिकास्तरीय फुटबल तथा भलिबल प्रतियोगितालाई निरन्तरता दिन र खेलकुदको विकासमा टेवा पुऱ्याउन आगामी वर्ष देखि गाउँपालिकाको स्थापना दिवसका दिन वडास्तरीय अध्यक्ष रनिङ शिल्डको आयोजना गर्न रु.१ लाख बजेट विनियोजन गरेको छु ।

३२. गाउँपालिकास्तरीय खेलकूलको विकासमा टेवा पुऱ्याउन गाउँपालिकाको स्थापना दिवसका दिन अध्यक्ष रनिङशिल्ड/राष्ट्रपति रनिङशिल आयोजना संचालन गर्न रु.२ लाख बजेट विनियोजन गरेको छु ।

**३३.** चामे गाउँपालिकाको वडा नं. १ तिमाङमा रहेको खेलमैदानलाई हाई अल्टिच्यूट तालिम केन्द्रकोरुपमा विकास गर्न संघीय तथा प्रदेश सरकारसँग सहकार्य गरी भौतिक पूर्वाधार निर्माणका लागि पहल गरिनेछ ।

**महिला, बालबालिका, अपाङ्गता, ज्येष्ठ नागरिक, लैङ्गिक समानता, लैङ्गिक हिंसा निवारण तथा सामाजिक समावेशीकरण**

३४. महिला, बालबालिका तथा लैङ्गिक असमानता र हिंसा निवारणको क्षेत्रमा भएका राम्रा अभ्यास र सिकाईहरुलाई अनुसरण गरिनेछ। लैङ्गिक समानताको अनुभूती

गर्न र हिंसामुक्त समाज निर्माण गर्न व्यक्तित्व विकास, संरचनागत विकास र व्यवसायिक विकास गरिनेछ ।

३५. समाजमा स्थापित बौद्धिकस्तरका ज्येष्ठ नागरिकका सीप, ज्ञान, बुद्धि, विवेक र कार्यकौशलताको पहिचान गरी त्यसको उपयोग गरिनेछ ।

३६. एकवडा एक बाल उद्यानकेन्द्र बनाउन गाउँपालिका बासीको सहकार्यमा योजना सञ्चालन गर्न बजेटको व्यवस्था मिलाएको छु ।

३७. आर्थिक रुपमा विपन्न महिला, दलित, अल्पसङख्यक तथा पिछडिएका समुदायको क्षमता वृद्धि गर्दै लगिनेछ। आयआर्जन तथा विकासमा सहभागिता गराउन सीप विकास तथा उद्यमीका लागि बजेटको व्यवस्था मिलाएको छु ।

**कानुनी मामिला तथा न्याय**

३८. गाउँपालिका क्षेत्रभित्रका न्यायमा पहुँच नभएका पीडित, असहाय तथा अशक्तहरुलाई निःशुल्क कानूनी सेवा उपलब्ध गराईनेछ।

३९. कानूनी साक्षरता कार्यक्रम तथा निर्वाचित जनप्रतिनिधीहरुलाई अतिआवश्यक कानूनी ज्ञान प्रदान गर्ने व्यवस्थाका लागि बजेटको व्यवस्था मिलाएकोछु ।

**(ग) आर्थिक**

**कृषि तथा पशुपंक्षी**

४०. यस गाउँपालिकाको समग्र कृषिक्षेत्रको व्यवसायीकरण, विविधीकरण र आधुनिकीकरणको माध्यमबाट उत्पादकत्व वृद्धि गरी कृषि उत्पादनमा आत्मनिर्भर भई बाह्य बजारमा निर्यात गर्न सक्ने अवास्थामा पुर्याउन उपयुक्त प्रविधि उपयोग गर्न सक्ने कृषक, युवा उद्यमी तथा विज्ञहरुको क्षमता विकासका लागि बजेटको व्यवस्था मिलाएकोछु ।

४१. युवा जनशक्तिलाई कृषिमा आकर्षित गर्न पशुपालन (चौरी, च्याङग्रा), तरकारी खेती, स्याउ खेति, जडीबुटी खेती, च्याउ उत्पादन, कुखुरा, बुङगुर पालन व्यवसाय तथा कृषि औजार उपकरणहरु आदिमा मापदण्ड बनाई उत्पादनमा आधारित अनुदानका लागि बजेट प्रस्ताव गरेको छु ।

४२. असन्तुलित र अनियन्त्रित विषादीहरुको प्रयोगबाट उत्पादित वस्तुहरुको उपभोगले जनस्वास्थ्य र पर्यावरणमा गम्भीर असर पार्ने हुनाले यसको नियन्त्रण गर्ने नीति लिइने छ र जैविक विषादीको प्रयोगलाई प्रोत्साहन गरिने छ।

४३. तरकारी, स्याउ, दाँते ओखर, लसुन, आलु, मह, करु, फापर, कोलो (दलहन) जस्ता निर्यातजन्य कृषि उपजहरुको उत्पादन बृद्धि गरी गुणस्तरीयता कायम गर्न र मूल्य श्रृङ्खलामा आउने अवरोधहरु कम गर्न कृषक समूह, सहकारी तथा उद्यमीहरुलाई प्रोत्साहन गरिनेछ। कृषि उत्पादकत्व वृद्धि गर्न र कृषि भूमिमा सिंचाई सुविधा उपलब्ध गराउँन नदी तथा खोलाका खोंच किनाराहरुमा रहेका साना सिंचाई परियोजना सञ्चालन बजेटको व्यवस्था मिलाएको छु ।

४४. प्रत्येक वडाहरुमा सम्भाव्यता हेरी कम्तीमा एक वटा नमुना साझेदारी कृषि फर्म स्थापना र एक वडा एक उत्पादन गर्न प्रोत्साहनका लागि पर्याप्त बजेटको व्यवस्था मिलाएको छु ।

४५. परम्परागत एवम् निर्वाहमुखी पशुपन्छी पालनलाई व्यवसायीकरण, विविधिकरण तथा आधुनिकीकरणको माध्यमबाट पशुपन्छीजन्य वस्तुको उत्पादन, बजारीकरण तथा निर्यात प्रवर्द्धन गर्न बजेटको व्यवस्था मिलाएको छु ।

४६. गाउँपालिकामा रहेका सम्पूर्ण पशुपन्छीको विद्युतीय अभिलेखिकरण गर्न प्रणालीको विकास एवम् तालिम र आधुनिक गणना (ट्यागिङ) कार्यक्रम सञ्चालनका लागि रकम व्यवस्था गरेको छु ।

४७. गाउँपालिका क्षेत्रका पशुपन्छी उत्पादक कृषक, कृषि समुह, सहकारी एवम् उद्यमीहरुलाई सहयोग पुर्याउन मापदण्ड बनाई स्थानीय तहबाटै एकीकृत रुपमा भेटेनरी प्राविधिक सेवा, कृत्रिम गर्भाधान, प्राकृतिक गर्भाधान (नश्ल सुधार) सेवा, पशु आहारा (घाँसमा आधारित पशुपालन) सेवा, पशु स्वास्थ्य सेवा र पशु वीमा जस्ता सेवाहरु सर्वसुलभ ढंगबाट उपलब्ध गराईनेछ र पशुवस्तुको श्रोतकेन्द्रको समेत विकास गर्न बजेटको व्यवस्था मिलाएको छु ।

४८. गाउँपालिका क्षेत्रलाई पशुपन्छीजन्य पदार्थ (छुर्पी, चीज, अण्डा, मासु) उत्पादन र उपभोगमा आत्मनिर्भर बनाईनेछ। पोषणयुक्त खानपानको महत्व र उपाय बारे समुदाय स्तरमा चेतना पुऱ्याई खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याइनेछ।

४९. आर्थिक तथा जनस्वास्थ्यको दृष्टिकोणले महत्वपूर्ण पशुपन्छी रोगहरुको रोकथाम र नियन्त्रण गर्न खोप कार्यक्रम संचालन गरी स्वच्छ तथा स्वस्थ पशुपन्छीजन्य उत्पादनमा वृद्धि गर्न प्रोत्साहन गरिनेछ।

५०. कृषि तथा पशुपक्षी विकास कार्यक्रमको लागि ससर्त सहित एकमुष्ट रु.१ करोड ३ लाख पचास हजार विनियोजन गरेको छु ।

**उद्योग**

५१. मेडपा कार्यक्रमलाई आगामि आ.व.०८०।०८१ मा निरन्तरता दिन गाउँपालिका स्तरीय सीपमुलक तालिम कार्यक्रमको लागि रु. ६ लाख बजेट विनियोजन गरेको छु ।

५२. चामे गाउँपालिकामा सम्भाव्य उद्योग जस्तै जडिवुटी, शुद्ब पिउनेपानी,स्याउको परिकार आदी संचालन गर्न वडा नं. ४ छार्थाङ्गमा उद्योगग्राम निर्माण गर्न संघ सरकारबाट रकम विनियोजन भएको हुँदा उक्त उद्योग ग्राम निर्माणको क्रमागत कार्य आगामी आ.व.मा सम्पन्न गर्ने गरी रु ८० लाख बजेट बिनियोजन गरेको छु। साथै संचालित उद्योगहरुलाई उत्पादन बढाउन र रोजगारीका अवसर सृजना गर्न प्रोत्साहन गरिनेछ।

**पर्यटन तथा संस्कृति विकास**

५३. चामे गाउँपालिका बासीले परम्परागतरुपमा मनाउँदै आईरहेको धज्याङ्ग पर्व, यार्ताङ्ग पर्व, छार्ताङ् लगाएका सम्पूर्ण पर्वलाई जिवन्त राख्न विशेष स्थानको प्रबन्ध मिलाई सर्वसुलभ एवं मर्यादित बनाउँदै सँस्कृतिको जगेर्ना गरिनेछ ।

**सहकारी**

५४. सहकारी संस्थाहरुको तथाङ्क अद्यावधिक गरी नियमित रुपमा अनुगमन गरिने कार्यको थालनी गरिनेछ ।

५५. उत्पादन, बजारीकरण, स्वरोजगार सृजना र सेवा व्यवसाय गर्न सहयोग पुऱ्याउने र संलग्न हुन चाहने सहकारी संस्थाहरुलाई अनुकूल वातावरण मिलाईनेछ ।

५६. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुका लागि वित्तीय साक्षरता र सीपमूलक तालिम सञ्चालन गरिनेछ।वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई

विदेशमा सिकेको ज्ञान र सीपलाई लक्षित गरी स्वरोजगारका कार्यक्रम सञ्चालन गर्न उत्प्रेरित गरिनेछ। साथै आर्थिक आयआर्जनका रुपमा बेरोजगार युवाहरुलाई स्वरोजगार तालिम उपलब्ध गराइनेछ।

**व्यापार**

५७. व्यापार व्यवसायलाई व्यवस्थित रुपमा संचालन गर्न नियमन गरिनेछ।

५८. पालिका भित्र संचालन भएका विभिन्न व्यवसायहरु लाई पालिका भित्र अनिवार्य दर्ता गराई करको दायारा भित्र ल्याउने नीति रहेकोछ ।

**उपभोक्ता हित संरक्षण**

५९. उपभोक्ता हित संरक्षणकालागि उपभोग्य वस्तुको गुणस्तर, परिमाण, शुद्धता, उत्पादन मिति र दर्ता नम्वर जस्ता कुराहरु उल्लेख भए नभएको बारेमा सरोकारवाला संघ संस्थासँगको सहकार्यमा बजार अनुगमन गर्ने कार्यको थालनी गरिनेछ।

६०. सुर्तिजन्य र मदिराजन्य पदार्थ बिक्री वितरणलाई नियमन गरिनेछ। तोकेको समय र स्थानबाट मात्र बिक्रीवितरण गर्न पाउने व्यवस्थालाई क्रमशः लागू गरिनेछ।

६१. प्लाष्टिकको उत्पादन र प्रयोगलाई निरुत्साहित गरिनेछ।

**(घ) वातावरण तथा विपद् व्यवस्थापन**

**वन, वातावरण तथा भू-संरक्षण**

६२. यस गाउँपालिकाभित्र गाउँ साझेदारी वन उद्दान कार्यक्रम सञ्चालन गरिनेछ। साथै जैविक विविधता संरक्षण सम्बन्धी कार्यक्रम र बोटानिकल गार्डेन बनाउन संघीय सरकार एवम् प्रदेश सरकारसँग सहकार्य गरिनेछ।

६३. पानी मुहानको संरक्षण गर्ने नीति लिइनेछ। वातावरण संरक्षणका लागि विशेष ध्यान दिनुका साथै वातावरण प्रदुषित गर्ने सबै वस्तु र कार्यलाई निरुत्साहित गरिनेछ । प्रत्येक घर, सुन्दर घर अभियान सञ्चालन गरिनेछ।

६४. गाउँको स्वामित्वमा भएका ऐलानी तथा सार्वजनिक जग्गाको अभिलेखीकरण गरी त्यस्ता जग्गाको संरक्षण तथा व्यवस्थापन गरिनेछ । साथै भू-क्षय तथा नदी कटान नियन्त्रणका लागि प्रदेश तथा संघीय सरकारसँगको सहकार्यमा आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।

**जल उत्पन्न प्रकोप व्यवस्थापन**

६५. खोला तथा नदीमा नदीजन्य पदार्थ जम्मा भइ हुन सक्ने जोखिमबाट गाउँबस्ती बचाउँनका लागि अध्ययन गराई नदीजन्य पदार्थ नदीबाट हटाई संरक्षणका लागि आवश्यक व्यवस्थापन गरिनेछ।साथै यस गाउँपालिका क्षेत्रभित्रका खोलाबाट हुने नदी कटान तथा बस्ती जोखिम हुन रोक्न तटबन्धका लागि प्रदेश सरकारसँग सहकार्य गरी सुरक्षित गराइनेछ।

**विपद् व्यवस्थापन**

६६. विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून र मापदण्डलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्दै **स्थानीय विपद् व्यवस्थापन कोष**को संचालन गरिने छ ।

६७. स्थानीय क्षेत्रमा हुन सक्ने विपद्लाई आँकलन गर्दै विपद् व्यवस्थापन कार्यलाई चुस्त बनाउन स्थानीय विपद् व्यवस्थापन समितिलाई सक्रिय बनाईनेछ ।

६८. गाउँपालिका स्तरीय विपद् पूर्व तयारी योजना बनाउन रु. १ लाख बजेटको व्यवस्था मिलाएकोछु । साथै विकास निर्माणका कार्यमा जोखिम न्यूनीकरणका उपायहरु अवलम्वन गरिनेछ।

**६९.** विपद् व्यवस्थापन गर्न विपद् सामाग्री खरीद गर्न रु. ५ लाख बजेट प्रस्ताव गरेको छु ।

**(ङ) संस्थागत विकास, संचार र प्रविधि**

७०. सेवा प्रवाहलाई सहज, सरल र प्रविधिमैत्री बनाउदै शीघ्र सेवाको अनुभूती गराईनेछ। कर्मचारीबाट "मुस्कान सहितको नागरीक सेवा प्रवाह" गर्ने कार्य शैली अवलम्वन गरिनेछ।

**सुरक्षा व्यवस्थापन**

७१. सुरक्षा निकायसँगको सहकार्यमा गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने बासिन्दाको सुरक्षित जीवनको प्रत्याभूती गर्ने व्यवस्थालाई बलियो र विश्वासिलो बनाउन सुरक्षा चामे बजारमा सिसि क्यामेराको जडान गरीएको छ ।

**पञ्जीकरण तथा सामाजिक सुरक्षा सम्बन्धी**

७२. अनलाइन प्रणालीमा आवद्ध गरिएको व्यक्तिगत घटना दर्तालाई वडास्तरमा पूर्णरुपमा बिस्तार गरिनेछ। साथै व्यक्तिगत घटना दर्ता समयमै गराउन जनचेतना कार्यक्रम संचालन गरिनेछ।

७३. कम्प्युटरकृत गरिएको सामाजिक सुरक्षाका लाभग्राहीको अभिलेखलाई वडा कार्यालय मार्फत अद्यावधिक गरिने व्यवस्था मिलाईनेछ।

७४. पञ्जिकरण कार्यको लागी पञ्जिकरण शाखामा कार्यरत कर्मचारीलाई संघीय सरकारको नीति अनुसार अपुग २५ प्रतिशतले हुन आउने रकम रु. २ लाख ५५ हजार विनियोजन गरेको छु ।

**योजना, स्थानीय तथ्यांक तथा अभिलेख**

७५. चामे गाउँपालिकाको संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको ढाचाँमा आधारित दिर्घकालीन पाश्वचित्र (डिजिटल भिलेज प्रोफाईल) निर्माण कार्यको लागी रु.१० लाख बजेट प्रस्ताव गरेको छु ।

७६. प्रारम्भिक सर्वेक्षण भएका र विस्तृत आयोजना प्रतिवेदन (डिपीआर) तयार भएका योजनालाई छनोट गर्ने प्रणाली स्थापित गर्ने कार्यलाई निरन्तरता दिईनेछ। साथै स्थानीय तहमा संचालित योजना तथा कार्यक्रमहरुको सार्वजनिक सुनुवाई गरिनेछ।

७७. गाउँपालिकामा उपभोक्ता समितिमार्फत सञ्चालन गरिने योजनालाई जनसहभागितामूलक बनाउने कार्य गरिनेछ ।

## सुशासन प्रर्वद्धन

७८. यस गाउँपालिकाले प्रदान गर्ने सेवाप्रवाहलाई समान, सहज र सर्वसुलभ बनाई पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गरिनेछ।

७९. नेपाल सरकारबाट निजामती  कर्मचारीका लागि घोषणा गरिए अनुसार  चामे गाउँपालिकामा कायर्रत कर्मचारीहरुको तलव यथावत गरिनेछ । स्थानीय तहको तहगत संरचना अनुसार तलब स्केल कायम गरिनेछ।

८०. चामे गाउँपालिकाको राजश्व प्रशासनलाई सीप, साधन र स्रोत उपलब्ध गराई सुदृढ बनाईनेछ। सबै वडा कार्यालयबाट कर बुझाउन सक्ने व्यवस्था क्रमशः मिलाइनेछ। करदातालाई कर तिर्न उत्प्रेरित गर्ने नीति लिइनेछ। **"हामीले तिर्ने करबाट हाम्रै विकास हुने हो भन्ने"** भावना जागृत गराइनेछ।सबै भन्दा धेरै कर बुझाउने एक जना **उत्कृष्ट करदातालाई सम्मान** गरिनेछ ।

८१. चामे गाउँपालिकालाई बुझाउनु पर्ने कर दायित्व समयमा नै नबुझाएका बासिन्दालाई गाउँपालिकाबाट उपलब्ध हुने अनुदानमा कटौती गर्नुका साथै नियमानुसार जरिवाना सहित बक्यौता रकम असुल गरिनेछ ।

८२. सेवा प्रवाहमा राष्ट्रसेवक कर्मचारीलाई कामप्रति जवाफदेही, जिम्मेवारी, उत्तरदायी र अभिप्रेरित गर्न पुरस्कार एवं सम्मानका कार्यक्रम प्रदान गर्न आवश्यक बजेट प्रस्ताव गरेको छु ।

## संचार

८३. गाउँपालिकाबाट प्रवाह गरीने सूचनामा सबैको सहज पहुँज र सूचना प्रवाहमा सरलीकरण गरिनेछ।

८४. पालिकाबाट प्रदान गरिने सूचनाहरुमा पारदर्शिरुपमा सबैको समान पहुच हुने गरी तोकिएको सूचना अधिकारी तथा कार्यलयको वेवसाईट, ईमेल, पालिकाको सामाजिक संजाल मार्फत प्रदान गरीनेछ ।

८५. सूचना प्रविधिमैत्री गाउँपालिकाको रुपमा स्थापित कार्यलाई निरन्तरता दिईने छ ।

**युवा तथा रोजगार**

८६. कृषि तथा पशु व्यवसायमा संलग्न उधमशिल युवालाई सिपमुलक तालिमका साथै अभिप्रेरणाका कार्यक्रहरुको लागि कार्यक्रम संचालन गरिनेछ ।

*सभाध्यक्ष महोदय,*

८७. अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

८८. आगामी आर्थिक वर्ष २०८०/८१ का नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु. २३ करोड ७१ लाख ५३ हजार विनियोजन गरेको छु । कूल विनियोजन मध्ये चालु खर्च तर्फ रु. १३ करोड २४ लाख ६१ हजार ७ सय अर्थात् ५६ प्रतिशत र पूँजीगत खर्च तर्फ रु. १० करोड ४६ लाख ९२ हजार अर्थात् ४४ प्रतिशत रहेको छ ।

**८९.** आगामी आर्थिक वर्ष २०८०/८१ का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक तर्फको राजस्वबाट रु.२६ लाख ५० हजार, नगद मौज्दात रु. २ करोड ३८ लाख गरी रु. २ करोड ६४ लाख ५० हजार, संघीय सरकार वित्तीय समानीकरण अनुदान तर्फ रु. ६ करोड ९१ लाख, संघीय सरकार शर्सत अनुदान तर्फ रु. ७ करोड ८२ लाख, संघीय सरकार राजस्व बाँडफाँड तर्फ रु. ४ करोड २९ लाख १६ हजार सात सय, संघीय सरकारको अन्य अनुदान ८० लाख, प्रदेश सरकार वित्तीय समानीकरण अनुदान तर्फ रु. ४२ लाख ६७ हजार, प्रदेश सरकार विशेष अनुदान (चामे स्वास्थ्य चौकी निर्माण) तर्फ रु. १ करोड र राजस्व बाँडफाँड तर्फ रु. ७ लाख २० हजार रहने अनुमान गरेको छु ।

*सभाध्यक्ष महोदय,*

९०. पालिकावासी जनताको आकांक्षा सम्वोधन गर्ने क्रममा सीमित बजेटबाट असीमित मागहरु पूरा गर्नु निश्चय नै सहज छैन। तापनि भरसक संविधानको परिधिभित्र रहेर गाउँको आधारभूत तहको विकासमा टेवा पुग्ने र गाउँबासीको जीवनस्तरलाई माथि उठाउने प्रकृतिका योजनाहरुलाई प्राथमिकतामा राखी बजेट विनियोजन गर्ने प्रयास गरेको छु।

चामे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, मनाङ

**संचित कोषबाट बिनियोजन हुने अनुमानको खर्च शिर्षकगत तथा श्रोतगत बजेट बिबरण**

आर्थिक वर्ष : २०७९/८० बजेट ८० असार १० को गाउँसभान प्रस्तावित बजेट कार्यक्रम

## अनुसूची २

रकम रू. हजारमा

| क्र.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | राजस्व बाँडफाँड-संघीय सरकार -१- | राजस्व बाँडफाँड-प्रदेश सरकार -२- | नेपाल सरकार-समानिकरण | आन्तरिक स्रोत -४- | |
|---|---|---|---|---|---|---|---|---|
| १ | २११११ | पारिश्रमिक कर्मचारी | १३०००.०० | ११५००.०० | | | १५००.०० | |
| २ | २१११२ | पारिश्रमिक पदाधिकारी/सुविधा | ६३४५.०० | ५९४५.०० | | | ४००.०० | |
| ३ | २१११२ | पदाधिकारी विमा | २७०.०० | २७०.०० | | | ०.०० | |
| ४ | २११२१ | पोशाक | ४८०.०० | ४८०.०० | | | ०.०० | |
| ५ | २११३१ | स्थानीय भत्ता | २८००.०० | २८००.०० | | | ०.०० | |
| ६ | २११३२ | महंगी भत्ता | ५००.०० | ५००.०० | | | ०.०० | |
| ७ | २११३४ | कर्मचारी बैठक भत्ता | ५००.०० | ५००.०० | ०.०० | | ०.०० | |
| ८ | २११४१ | पदाधिकारी बैठक भत्ता | ५००.०० | ५००.०० | | | | |
| ९ | २१२१४ | कर्मचारी कल्याण कोष | ५००.०० | ५००.०० | | | | |
| १० | २२१११ | पानी तथा बिजुली | ८५०.०० | ८५०.०० | | | ०.०० | |
| ११ | २२११२ | संचार महसुल | ३००.०० | ३००.०० | | | ०.०० | |
| १२ | २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ११००.०० | ११००.०० | | | ०.०० | |
| १३ | २२२१३ | सवारी साधन मर्मत खर्च | २०००.०० | २०००.०० | | | ०.०० | |
| १४ | २२२१४ | बिमा तथा नवीकरण खर्च | ४००.०० | ४००.०० | | | | |
| १५ | २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ५००.०० | ५००.०० | | | ०.०० | |
| १६ | २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | २०००.०० | २०००.०० | | | | |
| १७ | २२३१४ | इन्धन-अन्य प्रयोजन | ३००.०० | ३००.०० | ०.०० | | ०.०० | |
| १८ | २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ५००.०० | ३००.०० | २००.०० | | ०.०० | |
| १९ | २२४११ | सेवा र परामर्श खर्च | ७५०.०० | ७५०.०० | | | ०.०० | |
| २० | २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालनसंग सम्वन्धीत खर्च | ३००.०० | ३००.०० | ०.०० | | ०.०० | |
| २१ | २२४१३ | करार सेवा शुल्क | २७००.०० | २३८०.०० | ३२०.०० | | ०.०० | |
| २२ | २२४१४ | सरसफाई सेवा शुल्क | ५५०.०० | ५५०.०० | | | ०.०० | |
| २३ | २२५२९ | विविध कार्यक्रम खर्च | ३००.०० | ३००.०० | | | ०.०० | |
| २४ | २२६११ | अनुगमन, मूल्यांकन खर्च | १०००.०० | १०००.०० | | | ०.०० | |
| २५ | २२६१२ | भ्रमण खर्च | १४००.०० | १४००.०० | | | ०.०० | |
| २६ | २२७११ | विविध/अतिथि सत्कार खर्च | ११००.०० | ११००.०० | ०.०० | | ०.०० | |
| २७ | २२७११ | वडा कार्यालय संचालन खर्च (विभिन्न शिर्सक) | ५००.०० | ५००.०० | ०.०० | | ०.०० | |
| २८ | २२७२१ | सभा सञ्चालन खर्च | ८००.०० | ८००.०० | | | ०.०० | |
| २९ | २५३१५ | अन्य सहायता | २००.०० | २००.०० | | | ०.०० | |
| ३० | २८१४२ | घर भाडा | ५५०.०० | ५५०.०० | | | ०.०० | |
| ३१ | २८१४३ | सवारी साधन तथा मेशिनर औजार भाडा | ५००.०० | ५००.०० | | | ०.०० | |
| ३२ | २२४१३ | एम आइ एस अपरेटर फिल्ड सहायकहरुको थप तलव चाडपर्व र पोशाक समेत | २५५.०० | ५५.०० | २००.०० | | ०.०० | |
| ३३ | २११११ | बालविकास शिक्षिका विद्यालय कर्मचारी स.का. थप पारीश्रमिक | १०००.०० | १०००.०० | ०.०० | | ०.०० | |
| ३४ | २११११ | सूचनाको हक सम्वन्धी कार्यक्रम तथा बैठक खर्च | १००.०० | १००.०० | ०.०० | | ०.०० | |
| ३५ | २८९११ | भैपरी आउने चालु खर्च | ६८६.७० | ६८६.७० | ०.०० | | ०.००० | |
| | | **कूल जम्मा =** | ४५५३६.७० | ४२९१६.७० | ७२०.०० | ०.०० | १९००.००० | ० |
| | | | | ०.००० | ० | ० | २४५५० | |
| | | | | ४२९१६.७०० | ७२०.०० | | 26450.00 | कूल आन्तरीक |
| | | | | | | | 23800.00 | अल्या |
| | | | | | | | 2650.00 | चालु अनुमान |

(ख) गाउँपालिकास्तरीय आयोजना तथा कार्यक्रमहरु

रकम रू. हजारमा

| क.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार-समानिकरण अनुदान -१- | प्रदेश सरकार-समानिकरण अनुदान -२- | राजस्व बाँडफाँड-प्रदेश सरकार -३- | आन्तरिक स्रोतको गतको अल्या -४- |
|---|---|---|---|---|---|---|---|
| १ | २५३११ | लोकप्रिय मा.वि.आवासिय विद्यालय संचालन कार्यक्रम | ४००० | ३१३३.०० | ८६७ | | |
| २ | २५३११ | गौरी शंकर आ.वि.दिवा आवासीय कार्यक्रम | २००० | २०००.०० | | | |
| ३ | ३११५६ | विपद उद्धार सामाग्री खरिद | ५०० | ०.०० | | | ५००.०० |
| ४ | ३११५७ | भु संरक्षण र पहिरो रोगथामको लागी वृक्षारोपन | १५० | ०.०० | | | १५०.०० |
| ५ | २२३१५ | स्थानीय विपद व्यवस्थापन प्रतिकार्य योजना तयार र प्रकाशन । | १०० | १००.०० | | | |
| ६ | ३११५६ | खानेपानी तथा ढल मर्मत | २०० | २००.०० | | | |
| ७ | ३११५६ | खानेपानी पाईप खरिद (HDPE र GI) | ५०० | ०.०० | | | ५००.०० |
| ८ | ३११५६ | खानेपानी सामग्री खरिद (फिटिङ सामग्री,अन्य आवश्यक समाग्री) | ५०० | ५००.०० | | | |
| ९ | २२५२२ | खानेपानी परिक्षण कार्यक्रम | ६० | ६०.०० | | | |
| १० | २२५२२ | उद्यम विकास सहजकर्ता परिचालन तथा लघु उद्यम विकास कार्यक्रम संचालन | १२६५ | ५००.०० | | | ७६५.०० |
| ११ | २२५२२ | व्यवसायी उद्योगी अभिलेखिकरण कार्यक्रम | ५० | ०.०० | | | ५०.०० |
| १२ | २२५२२ | गाउँपालिकास्तरीय सीपमूलक तालिम कार्यक्रम | ६०० | ०.०० | | | ६००.०० |
| १३ | २२५२२ | खेलकुद कार्यक्रम | ३०० | ०.०० | ३००.०० | | |
| १४ | ३११७१ | समपुरक कोष | ५०० | ५००.०० | | | |
| १५ | ३११२२ | फोहोरमैला व्यवस्थापनका लागि मेसिन खरिद | १००० | २००.०० | | | ८०० |
| १६ | ३११५८ | फोहोरमैला व्यवस्थापनस्थल ट्रस्ट निर्माण | १००० | १०००.०० | | | |
| १७ | ३११५६ | चामे बजार खानेपानी विस्तार र ढलनिकास योजना | ९७०० | १०००.०० | | | ८७०० |
| १८ | २२६१२ | गाउँसभा सदस्यहरुको अध्ययन अवलोकन भ्रमण | १६०० | १६००.०० | | | |
| १९ | ३१११२ | वडा न १ को कार्यालय भवन निर्माण | १०००० | ६५००.०० | १०००.०० | | २५००.०० |
| २० | ३१११२ | वडा न २ को कार्यालय भवन निर्माण | ६००० | ३९००.०० | ६००.०० | | १५००.०० |
| २१ | ३१११२ | वडा न ४ को कार्यालय भवन निर्माण | ५५०० | ३४००.०० | ६००.०० | | १५००.०० |
| २२ | २२५२२ | चामे गाउँपालिकास्तरीय फोहोर मैला व्यवस्थापन कार्यक्रम ड्राइभर र सहयोगी समेत | १००० | ०.०० | | | १०००.०० |
| २३ | ३११२२ | मेसीनरी औजार तथा अन्य उपकरण खरिद (डिजिटल अटोलेभल, जि.पि.एस.मेसिन, अल्टिमिटर क्यामरा लगायत) | १२०० | १२००.०० | | | |
| २४ | ३११२३ | चामे विद्युत आयोजना स्थल वातावरण प्रभाव मुल्याङ्कन | १००० | २००.०० | | | ८००.०० |
| २५ | ३११६० | चामे बजार क्षेत्रका सार्वजनिक सम्पत्तीको संरक्षण गर्न मर्मत तथा रंगरोगन कार्य | २०० | ०.०० | २००.०० | | |
| २६ | ३११६१ | झोलुङगे पुल समपुरक कोष | ५०० | ५००.०० | | | |
| २७ | ३११२२ | कम्प्यूटर उपकरण-ल्यापटप खरीद | ८०० | ८००.०० | | | |
| २८ | ३११७१ | चामे गाँउपालिका भित्र सडक मर्मतसुधार | ५०० | ५००.०० | | | |
| २९ | ३११३५ | गाउँपालिका पाश्वचित्र निर्माण-(Rural Profile) क्रमागत | १००० | ०.०० | २००.०० | | 800 |
| ३० | ३११२३ | चामे सिटीहलको लागि भाँडा खरीद | ३०० | ३००.०० | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३१ | ३११३५ | टोल विकास संस्था विधान निर्माण गठन तथा संचालन र फोहरमैला व्यवस्थापन | २०० | ०.०० | २००.०० | | |
| ३२ | २२५२२ | महिला, बालवालीका, दलित, अपाङ्गता, जेष्ठ नागरीक शसक्तिकरण सम्मान र दिवस मनाउने सम्वन्धी कार्यक्रम | ५०० | २००.०० | ३००.०० | | |
| ३३ | ३११२२ | चामे गा.पा. फोहोर मैला व्यवस्थापन सम्बन्धी कार्यक्रम तथा सामान खरीद | ५०० | ०.०० | | | ५००.०० |
| ३४ | ३११५६ | गा.पा.कर्मचारी र वडा सचिवहरुलाइ सूत्र राजश्व मोड्यूल तालिम | २५० | ०.०० | | | २५०.०० |
| ३५ | ३११२२ | जिल्ला प्रहरी कार्यालयको समन्यमा त्रिचुङल्दा सिसि टिभी जडान/विस्तार | २०० | ० | | | २०० |
| ३६ | ३११५३ | चामे गा.पा. सडक वत्ती  जडान कार्यक्रम | २०० | ० | | | २०० |
| ३७ | ३११३५ | गा पा भित्र घाट तथा पहिरो वातावरण प्रभाव मुल्याङ्कन | १००० | ० | | | १००० |
| ३८ | २२५२२ | पालिका स्तरिय सार्वजनिक सुनुवाई | २०० | २०० | | | |
| ३९ | ३११२२ | सूचना प्रविधि शाखामा कम्प्युटर खरिद (केन्द्रिकित डेस्कटप बनाउने ) | ३०० | ३०० | | | |
| ४० | ३११२२ | कार्यालय प्रमुख क्वाटर तथा अन्य शाखाको लागि इन्टरनेट नेटवर्किङ | १५० | १५० | | | |
| ४१ | ३११३४ | योजना, निति कार्यक्रम सम्बन्धी र केन्द्रीकृत सिफारिस तथा प्रमाणपत्र व्यवस्थापन प्रणाली खरिद | ८०० | ० | | | ८००.०० |
| ४२ | २२२१२ | इन्धन (फोहर मैला व्यवस्थापन ट्र्याक्टर) | ५०० | ५००.०० | | | |
| | २२५२२ | कृषि क्षेत्र विकास तथा विस्तार कार्यक्रम | | | | | |
| ४३ | २२५२२ | उन्नत तरकारी बिउ वितरण कार्यक्रम | ३०० | ३००.०० | | | |
| ४४ | २२५२२ | प्राङ्गारिक मल वितरण कार्यक्रम | ५०० | ५००.०० | | | |
| ४५ | २२५२२ | तरकारी खेतिको लागि टनेल निर्माण कार्यक्रम | ५०० | ५००.०० | | | |
| ४६ | २२५२२ | बाली सरक्षणको लागि विषादी तथा भिटामिन वितरण | २०० | २००.०० | | | |
| ४७ | २२५२२ | तरकारी खेती सम्बन्धि कृषक तालिम | २०० | २००.०० | | | |
| ४८ | २२५२२ | कृषि सामाग्री [स्प्रे, कटङ ग्राफटिङ, स्प्रिङकल मेसिन] वितरण | ३०० | ३००.०० | | | |
| ४९ | २२५२२ | माटो जाँच सीविर सञ्चालन कार्यक्रम | १०० | १००.०० | | | |
| ५० | २२५२२ | उच्च घनत्वको स्याउको विरुवा वितरण कार्यक्रम | ८०० | ८००.०० | | | |
| ५१ | २२५२२ | लोकल स्याउको विरुवा वितरण कार्यक्रम | १०० | १००.०० | | | |
| ५२ | २२५२२ | निलोतुथो चुना वितरण कार्यक्रम | १५० | १५०.०० | | | |
| ५३ | २२५२२ | कृषि चुन वितरण कार्यक्रम | १०० | १००.०० | | | |
| ५४ | २२५२२ | ढुवानी कार्यक्रम | ५०० | ५००.०० | | | |
| ५५ | २२५२२ | जनशक्ति परिचालन तथा विविध खर्च | १५० | १५०.०० | | | |
| ५६ | २२५२२ | माटो जाँचको लागि [किटबक्स र आवश्यक] सामाग्री खरिद | २०० | २००.०० | | | |
| | २२५२२ | **पशु क्षेत्र विकास तथा विस्तार कार्यक्रम** | | | | | |
| ५७ | २२५२२ | घाँस (जै, हवाईट क्लोभर, राई) को विउ वितरण | १०० | १००.०० | | | |
| ५८ | २२५२२ | अनुदानमा जर्सी गाई वितरण कार्यक्रम | २५० | २५०.०० | | | |
| ५९ | २२५२२ | बोका वितरण कार्यक्रम | १५० | १५०.०० | | | |
| ६० | २२५२२ | रेबिज भ्याक्सिन , औषधी तथा उपकरण खरिद | १००० | १०००.०० | | | |
| ६२ | २२५२२ | अनुदानमा वङगुर वितरण कार्यक्रम | १५० | १५०.०० | | | |
| ६३ | २२५२२ | अनुदानमा पौष्टिक  दाना वितरण कार्यक्रम | ३०० | ३००.०० | | | |
| ६४ | २२५२२ | पालिकास्तरिय छाडा कुकुर व्यवस्थापन कार्यक्रम | २०० | २००.०० | | | |
| ६५ | २२५२२ | डिपीङ ट्याङ्क निर्माण कार्यक्रम | ३०० | ३००.०० | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६६ | २२५२२ | घुम्ती गोठ प्रणालीमा चरण गराउने कृषकलाई त्रीपाल वितरण कार्यक्रम | १०० | १००.०० | | | |
| ६७ | २२५२२ | हुर्केका कुखुरा वितरण कार्यक्रम (३ हप्ते) | ३०० | ३००.०० | | | |
| ६८ | २२५२२ | ढुवानी तथा जनशक्ति परिचालन र अन्य खर्च | ५०० | ५००.०० | | | |
| | | **शिक्षा कार्यक्रम** | | | | | |
| ६९ | २२५२२ | स्थानीय विषयको पाठ्यपुस्तक छपाई (रङ्गीन) | ३५० | ३५०.०० | | | |
| ७० | २२५२२ | उत्कृष्ठ शिक्षक विद्यार्थी पुरस्कार वितरण कक्षा ५-८ को मुल्याङ्कनबाट | ४० | ४०.०० | | | |
| ७१ | २२५२२ | सामुदायिक विद्यालयका आधारभुत तहका विद्यार्थीलाई झोला वितरण कार्यक्रम | २५५ | २५५.०० | | | |
| ७२ | २२५२२ | गाउँशिक्षा समिति बैठक भत्ता, विज्ञ समुह खाजा खर्च अनुगमन तथा भ्रमण खर्च | १५० | १५०.०० | | | |
| ७३ | २२५२२ | कक्षा ५ र ८ बार्षिक परिक्षा संचालनको तयारी र नतिजा प्रकाशन | १५० | १५०.०० | | | |
| ७४ | २२५२२ | गरिव जेहेन्दार स्थानीय छात्रवृत्ती (आ.वि. छात्र-२ छात्रा-२) (मा.वि. छात्र-१ छात्रा-१) पुरस्कार | ६० | ६०.०० | | | |
| ७५ | २२५२२ | गाउँपालिका स्तरीय अतिरिक्त कृयाकलाप | १५० | १५०.०० | | | |
| ७६ | २२५२२ | शिक्षक पुनर्रताजगी तालिम ५ दिने, ICT सम्बन्धी तालिम, लेखा तालिम(आ.वि र मा.वि) | २०० | २००.०० | | | |
| ७७ | २२५२२ | खेलकुद सामाग्री | ११५ | ११५.०० | | | |
| ७८ | २२५२२ | डिजिटल कक्षा संचालन सामाग्री खरिद | २०० | २००.०० | | | |
| ७९ | २२५२२ | विद्यार्थी परिचय-पत्र छपाई | ३० | ३०.०० | | | |
| ८० | २२५२२ | असाहय तथा अनाथ विद्यार्थी पोसाक तथा स्टेशनरी खर्च | ५० | ५०.०० | | | |
| ८१ | २२५२२ | शिक्षा विदहरुको अन्तरक्रिया १ दिने | ५० | ५०.०० | | | |
| ८२ | २२५२२ | अभिभावक शिक्षा कार्यक्रम | ५० | ५०.०० | | | |
| | | **स्वास्थ्य कार्यक्रम** | | | | | |
| ८३ | २२५२२ | एम्वुलेन्स खरिद | १५०० | १५०० | | | |
| ८४ | २२५२२ | बहुक्षेत्रिय पोषण कार्यक्रम | १५०० | १५०० | | | |
| ८५ | २२५२२ | हेपाटाईटिस बि र पाठेघर सम्बन्धि क्यान्सर बिरुद्द रोकथाम को लागि खोप खरिद तथा खोप लगाउने कार्यक्रम | १००० | १००० | ०.०० | | |
| ८६ | २२५२२ | नसर्ने रोग सम्बन्धी मासिक जाँच कार्यक्रम र अभिमुखिकरण कार्यक्रम र सामग्रि खरिद | २०० | २०० | | | |
| ८७ | २२५२२ | स्वास्थ्य संस्था व्यवस्थापन खर्च प्रति संस्था रु ५००००।- का दरले | १५० | १५० | | | |
| ८८ | २२५२२ | MSS सुधार कार्यक्रम | २०० | २०० | | | |
| ८९ | २२५२२ | नाक कान घाँटी तथा आँखा र मुख स्वास्थ्य सम्बन्धि परिक्षण र अधिमुखिकरण कार्यक्रम | २०० | २०० | | | |
| ९० | २२५२२ | स्वास्थ्यकर्मिहरुलाई संक्रमण रोकथाम तथा स्वास्थ्य संस्था जन्य फोहोरमैला व्यवस्थापन सम्वन्धि तालिम र अन्य | १०० | १०० | | | |
| ९१ | २२५२२ | स्वास्थ्य संस्थाहरुमा व्यवस्थापन समिति बैठक, स्वास्थ्य आमा समूह बैठक सञ्चालन खर्च | १०० | १०० | | | |
| ९२ | २२५२२ | किशोर किशोरीहरुलाई आइरन फोलिक एसिड खुवाउने खर्च र विद्यालयमा जुकाको औषधि खुवाउने यातायात खर्च तथा ब्रसर छपाई | ५० | ५० | | | |
| ९३ | २२५२२ | माइक्रोसकोप तथा अवश्यक स्वास्थ्य सामाग्री खरीद | २०० | २०० | | | |
| ९४ | ३१५११ | भैपरी आउने पूँजीगत खर्च | १५९२ | १५९२ | | | |
| | | **जम्मा =** | ७२९१७.०० | ४५५३५.०० | ४२६७.०० | ०.०० | २३११५.०० |

(ग) वडास्तरीय आयोजनाहरु

वडा नं. १

रकम रू. हजारमा

| क्र.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार-समानिकरण अनुदान -१- | प्रदेश सरकार-समानिकरण अनुदान -२- | राजस्व बाँडफाँड-प्रदेश सरकार | आन्तरिक स्रोतको गतको अल्या -४- |
|---|---|---|---|---|---|---|---|
| १ | ३११२३ | गौरीशंकर आ.वि. नयाँ भवनको फिनिसिङ र फर्निचर | १२०० | १२००.०० | | | |
| २ | ३११५४ | स्यार्कु बस्ति र बाटो संरक्षण | ११०० | ११००.०० | | | |
| ३ | ३११५१ | पावर हाउस देखि प्रशन्न होटेल सम्म सिढि निर्माण | ५०० | ५००.०० | | | |
| ४ | ३११५४ | तिमाङ बस्ति संरक्षण | १००० | १०००.०० | | | |
| ५ | ३११५९ | तिमाङ खोप केन्द्र तारवार निर्माण | ३०० | ३००.०० | | | |
| ६ | ३११५४ | तिमाङ गुम्बाको टोईलेट संरक्षण | २०० | २००.०० | | | |
| ७ | ३१११२ | विलिभर्स इन्सर्ट चर्चको भवन निर्माण | ७०० | ७००.०० | | | |
| | | **जम्मा =** | ५००० | ५००० | ० | ० | ० |

वडा नं. २ — रकम रू. हजारमा

| क.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार-समानिकरण अनुदान | प्रदेश सरकार-समानिकरण अनुदान | राजस्व बाँडफाँड-प्रदेश सरकार | आन्तरिक स्रोतको गतको अल्या -४- |
|---|---|---|---|---|---|---|---|
| १ | ३११५४ | गैरी गाउँ देखि आमा समूह भवन सम्म मेसिनरि वाल निर्माण क्रमागत | ४३०० | ४३०० | 0 | | |
| २ | ३११५८ | थानचोक गाउँ ढल निर्माण क्रमागत | ५०० | ५०० | ० | | |
| ३ | २२५२२ | ECD विद्यार्थिहरुको दिवा खाजा र खेलको लागि खेलौना सामग्री र म्याट्रिस खरिद | २०० | २०० | ० | | |
| | | **जम्मा =** | ५००० | ५००० | ० | ० | ० |

वडा नं. ३ — रकम रू. हजारमा

| क.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार-समानिकरण अनुदान | प्रदेश सरकार-समानिकरण अनुदान | राजस्व बाँडफाँड-प्रदेश सरकार | आन्तरिक स्रोतको गतको अल्या -४- |
|---|---|---|---|---|---|---|---|
| १ | ३११५४ | कोतो ठाडो खोला बस्ती संरक्षण | १५०० | १५००.०० | ० | | |
| २ | ३११५४ | छितपु बस्ती संरक्षण ( मर्स्र्याङ्दी ) | १००० | १०००.०० | ० | | |
| ३ | ३११५९ | हेलिप्याड निर्माण | ३०० | ३००.०० | ० | | |
| ४ | ३११५१ | विश्व शान्ति प्रा.वि. जाने सडक निर्माण | ७०० | ७००.०० | | | |
| ५ | ३११५९ | वडा कार्यलयको चउर ढलान | ५०० | ६५.०० | ० | | ४३५ |
| ६ | ३११५९ | ट्राफिक चेक पोष्ट कक्ष निर्माण | २०० | २००.०० | ० | | |
| ७ | ३११५८ | कोतो चियानघाट ट्रस्ट निर्माण | ३०० | ३००.०० | ० | | |
| | | **जम्मा =** | ४५०० | ४०६५ | ० | ० | ४३५ |

वडा नं. ४ — रकम रू. हजारमा

| क.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार-समानिकरण अनुदान | प्रदेश सरकार-समानिकरण अनुदान | राजस्व बाँडफाँड-प्रदेश सरकार | आन्तरिक स्रोतको गतको अल्या -४- |
|---|---|---|---|---|---|---|---|
| १ | ३११५४ | नयाँ बजार वस्ति संरक्षण | १००० | १०००.०० | ० | | |
| २ | ३११५८ | चामे चिहानघाट ट्रस्ट निर्माण | ५०० | ५००.०० | ० | | |
| ३ | ३११५४ | ठाडो खोला बस्ति संरक्षण | १००० | १०००.०० | ० | | |
| ४ | ३११५४ | बिच बजार बस्ती संरक्षण | १००० | ०.०० | ० | | १००० |
| ५ | ३११५१ | बेस क्याम्प देखि हाई क्याम्प पर्यटकीय बाटो सुधार | १००० | १०००.०० | ० | | |
| ६ | ३११५१ | हाई क्याम्प देखि काजिन्सारा पर्यटकीय बाटो सुधार | १००० | १०००.०० | ० | | |
| ५ | ३११५४ | माडा खोला बस्ति संरक्षण | १००० | १०००.०० | ० | | |
| | | **जम्मा =** | ६५०० | ५५०० | ० | ० | १००० |

वडा नं. ५ — रकम रू. हजारमा

| क.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार-समानिकरण अनुदान | प्रदेश सरकार-समानिकरण अनुदान | राजस्व बाँडफाँड-प्रदेश सरकार | आन्तरिक स्रोतको र गतको अल्या -४- |
|---|---|---|---|---|---|---|---|
| १ | ३११५४ | तातोपानि पुनः निर्माण ( क्रमागत) | १००० | १०००.०० | ० | | |
| २ | ३११५४ | तातोपानि जाने बाटो निर्माण | १००० | १०००.०० | ० | | |
| ३ | ३११५१ | भ्यूटावर जाने घोरेटो बाटो बिस्तार | १००० | १०००.०० | ० | | |
| ४ | २२५२२ | हाईडेन्टसिटि ( उच्च घनत्व स्याउ विरुवा) | १००० | १०००.०० | ० | | |
| | | **जम्मा =** | ४००० | ४००० | ० | ० | ० |
| | | **विनियोजन** | ९७९१७ | ६९१०० | ४२६७ | ० | २४५५० |
| | | **प्राप्त बजेट सिलिङ** | ९६२५० | ६९१०० | २६०० | | २४५५० |
| | | **बाँडफाँड हुन बाँकी** | -१६६७ | ० | -१६६७ | ० | ० |

(घ) संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम - शसर्त अनुदानको आयोजनाहरु

| क.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार शसर्त अनुदान |
|---|---|---|---|---|
| १ | २६३३२ | शसर्त अनुदान चालु तर्फका कार्यक्रमहरु | ५३४००.०० | ५३४००.०० |
| २ | २६३३६ | शसर्त अनुदान पूँजीगत तर्फका कार्यक्रमहरु | २२३००.०० | २२३००.०० |
| | | **जम्मा =** | ७५७००.०० | ७५७००.०० |

(ङ) प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम - विशेष अनुदान

| क.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | प्रदेश सरकार समपुरक अनुदान |
|---|---|---|---|---|
| १ | ३१११२ | चामे स्वास्थ्य चौकी निर्माण | १०००० | १०००० |

(च) नेपाल सरकार उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालयबाट हस्तान्तरित - उद्योग ग्राम पूर्वाधार विकास कार्यक्रम -अन्य अनुदान
(गा.पा. विविध खातामा निकाशा प्राप्त भएको)

| क.सं. | खर्च संकेत | खर्च शीर्षक | कूल बजेट | नेपाल सरकार अन्य अनुदान |
|---|---|---|---|---|
| १ | ३११५९ | चामे उद्योगग्राम निर्माण | ८००० | ८००० |

| | | | | | |
|---|---|---|---|---|---|
| वडास्तरीय कूल बजेट | २५०००.०० | २३५६५.०० | ०.०० | ०.०० | १४३५.०० |
| वडा गौरव र गापास्तरीय कूल बजेट | ९७९१७.०० | ६९१००.०० | ४२६७.०० | ०.०० | २४५५०.०० |
| चालु तर्फ बजेट | ४५५३६.७० | ४२९१६.७० | ७२०.०० | ०.०० | १९००.०० |
| अनुदान तर्फ कूल बजेट | १४३४५३.७० | ११२०१६.७० | ४९८७.०० | ०.०० | २६४५०.०० |
| शसर्त विषेश समपूरक र अन्य बजेट | ९३७००.०० | ९३७००.०० | ०.०० | ०.०० | ०.०० |
| कूल बजेट | २३७१५३.७० | २०५७१६.७० | ४९८७.०० | ०.०० | २६४५०.०० |

अन्त्यमा,

प्रस्तुत बजेट तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग पुऱ्याउनु हुने गाउँपालिका अध्यक्ष्य ज्यू कार्यपालीका सदस्यज्यू  गाउँसभा सदस्यवज्यु बिषयगत समितिहरू बिज्ञ महानुभाब सबै चामे गाउँबासी एवं अहोराज खटिने गाउँपालिकाका सम्पुर्ण कर्मचारी मित्रहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। साथै आय र व्याय समेटिएको रातो किताबमा कार्यक्रम र बजेट प्रस्तुत गरीएको छ।

धन्यवाद।